जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
म.नि.दु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४३ अंक ४ २०८१ साल साउन २७ गते आइतवार (11 Aug 2024 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** पीडित पत्रकारहरुले दिए ... **पृष्ठ ३ मा :** प्रत्यक्ष निर्वाचित राष्ट्रपति ... **पृष्ठ ५ मा :** गाउँसभा रद्धसहित विभिन्न ... **पृष्ठ ५ मा :** आगामी साता बाइडेन र ह्य ...

# मुख्यमन्त्री सिंहसँग उनको आफ्नै पार्टीले सोध्यो स्पष्टिकरण

**राजविराज**/मधेश प्रदेशका मुख्यमन्त्रि सतिश कुमार सिंहलाई उनको आफ्नै पार्टीले स्पष्टिकरण सोधेको छ ।

जनमत पार्टीले पार्टीको निर्देशन विपरीत काम गर्न थालेको भन्दै मुख्यमन्त्री सिंहलाई स्पष्टीकरण सोधेको हो ।

मुख्यमन्त्री सिंहले सरकारको नेतृत्व गरेको दुई महिनामै पार्टीसँग समन्वय नगरी काम गर्न थालेपछि स्पष्टीकरण सोधिएको जनमत पार्टीका प्रवक्ता शरद सिंह यादवले जनाएका छन् ।

मन्त्रालय बाँडफाँड र मन्त्रीमण्डल विस्तारमा मनपरी गरेपछि पहिलो पटक पार्टीको तर्फबाट स्पष्टीकरण सोधिएको प्रवक्ता यादवको भनाइ छ ।

उनले भने, 'खासगरी मन्त्रीमण्डल विस्तारमा पार्टीसँग समन्वय गर्नु भएन, प्रदेश सांसदहरूलाई पाँच करोड दिने विवादास्पद अभिव्यक्ति दिनुभयो । पार्टीको निर्देशन विपरीत गतिविधि हुँदा पार्टीको बदनामी भइरहेको छ, यही विषयहरू राखी मुख्यमन्त्रीसँग जवाफ मागिएको छ ।'

मुख्यमन्त्री सिंह जनताको काम भन्दा औपचारिक कार्यक्रमहरूको उद्घाटनतर्फ बढी लागेको समेत जनमत पार्टीले स्पष्टीकरण पत्रमार्फत आरोप लगाएको छ ।

# दलित अगुवाहरु एकजुट भएर लाग्नुपर्छ : राज्यमन्त्री रजक

**राजविराज**/मधेश प्रदेशका उर्जा, सिंचाई तथा खानेपानी राज्यमन्त्री निलम रजकले दलित समुदायको उत्थान र विकासका लागि हरेक पार्टीका दलित अगुवाहरु एकजुट भएर लाग्नुपर्ने बताएकी छिन् ।




दलित सरोकार मंचको सहकार्यमा संयुक्त राजनीतिक दलित संघर्ष समिति सप्तरीद्वारा शनिवार राजविराजमा आयोजित दलित अधिकार सुनिश्चितताका लागि जिल्ला स्तरीय अगुवा भेला तथा दलित समुदायका मन्त्रीहरुलाई सम्मान कार्यक्रममा बोल्दै राज्यमन्त्री रजकले सो कुरा बताएकी हुन् ।

वर्तमान समयमा दलित समुदाय सबैभन्दा पछाडि परेकोले जो जुन ठाउमा भएपनि दलित समुदायको चौतर्की विकासका निम्ति योगदान गर्नुपर्ने आवश्यकता रहेको राज्यमन्त्री रजकको कथन थियो ।

दलित संघर्ष समितिका अध्यक्ष प्रथमलाल रामको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राज्यमन्त्री निलम रजक र वन तथा वातावरण राज्यमन्त्री रंजु कुमारी खंगलाई सम्मान गरिएको थियो ।

# बाबाधाम गएका रामविलास सम्पर्कविहीन



**राजविराज**/भारतको बाबाधाम (देवघर) जल चढाउन गएका सप्तरीको राजगढ गाउँपालिका ३ पुर्वारी टोल निवासी ५२ वर्षिय राम विलास यादव सम्पर्क बिहीन भएका छन् ।

घरका अभिभावकनै सम्पर्क विहीन भएपछि यतिबेला उनका परिवारजन चिन्तामा डुवेका छन् । गाउँका अन्य भक्तजनसँग मोटरसाईकलमा भारत झारखण्ड राज्यको देवघर (बाबा धाम) मा जल चढाउन गत आइतवार राम विलास प्रस्थान गरेका थिए । भोली पल्ट सोमवार साथीहरुसँगै बाबाधाममा चल चढाएर घर फर्किने तयारी गर्दै गर्दा उनी सम्पर्क बिहीन भएको सँगै गएका साथीहरुको भनाई छ ।

फर्किनु अगाडि पन्डा (पुजारी) सित विदा हुन साथीहरु गएका भए पनि घर फर्किन हतारिएका राम विलास भने आफु बसै चढेर भएपनि घर फर्कि हाल्ने बताए पनि सँगै आएका कारण मोटरसाइकल मै फर्किने साथीहरुले उनलाई सल्लाह दिएका थिए । सोही सल्लाह अनुसार उनको झोला र मोवाइल समेत साथीहरुसँगै रहेको थियो । पण्डासित बिदा भएर लाँज फर्किदा राम विलास नभेटिदा एक दिन रोकिएर भएपनि साथीहरुले भारतीय प्रहरीलाई खोजि दिन आग्रह गरेका थिए ।

भारतीय प्रहरी तथा देवघर मन्दिर समिति समेतलाई उनको फोटो र हुलिया दिएर खोज तलाशका लागि आग्रह गरेपनि अहिलेसम्म कुनै खबर नआएको सँगै गएका साथी शिवन यादवले बताए । रामविलास बेपता भएपछि अहिले उनको परिवारजनमा रुवावासी चलेको छ । छोरा विवेकले बुवाको खोजीका लागि पहल गरदिन सबैमा आग्रह समेत गरेका छन् ।

## सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरु

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : सुरुङ्गा नगरपालिका, सप्तरी

## सम्पादकीय

# अन्धविश्वास र कुरीतिका घटनालाई निर्मुल पारौं

महिलालाई बोक्सीको आरोपमो समाजले नाना थरिका यातना दिएको हामीले यदाकदा पढ्ने, सुन्ने र हेर्ने गरेका छौं । यसले हामी कति संवेदनहीन हुन सक्छौं भन्ने तथ्य उदाङ्गो पार्दछ । मानिस भौतिक रुपमा विकास हुँदै गएपनि अन्धविश्वास र कुरीतिका घटनामा अझै कमी आउन सकेको छैन । महिलाप्रति हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धिको पक्ष राष्ट्र नेपाल पनि भएको हैसियतले नेपालमा महिलाप्रति हुने भेदभाव र हिंसा अन्त्य गर्ने जिम्मेवारी सरकारले लिनैपर्ने हुन्छ ।

महिलालाई दोश्रो दर्जाको नागरिक र भोग्य वस्तुका रुपमा हेर्ने हाम्रो पुरुषवादी सोचका कारण यस्ता घटनाहरु दिनानुदिन हाम्रो समाजमा बढ्दै गएको छ । महिलामाथि गरिने हिंसाका अनेक रुप छन् । महिलालाई बोक्सीको आरोप लगाई कुटपिट गर्ने, मलमूत्र खुवाउने, मुंडन गरेर गाउँभरि डुलाउने जस्ता अमानवीय कृत्यले मानवतालाई नै लज्जित तुल्याउने गरेको छ । यस्ता घटनाहरुका हकमा कडा कानून र सोको इमान्दारीपूर्वक कार्यान्वयनको खाँचो महसुस गर्न थालिएको छ । कानूनी रुपमा जबसम्म यस्ता घटनाका दोषीहरुलाई कडा सजाय दिदैन, तबसम्म अपराधीहरुको मनोबल घट्ने छैन । कानूनी उपचारका साथै सामाजिक चेतना र सामाजिक न्यायको समेत उत्तिकै आवश्यकता रहेको छ ।

तसर्थ, जबसम्म हामी सबै यस्ता घटनाका विरुद्ध गोलबद्ध हुँदैनौं तबसम्म घटना दोहोरिनै रहन्छ, पात्र मात्र फरक हुन्छन् ।

# पीडित पत्रकारहरुले दिए प्रहरीमा जाहेरी

**राजविराज**/सप्तरीको राजगढ गाउँपालिकाका अध्यक्ष ओमप्रकाश मण्डल लगायतले पत्रकारहरुमाथी गरेको दुर्व्यहारप्रति पीडित पत्रकारहरुले बुधबार जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएका छन् ।

गैरकानुनी रुपमा गरिएको गाउँसभा रद्द गरि पुनः अर्को गाउँसभाको माग गर्दै आन्दोलनरत जनप्रतिनिधि र स्थानीयले मंगलबार पालिका अध्यक्ष मण्डललाई ज्ञापनपत्र बुझाउने कार्यक्रमको रिपोटिङ गर्न गएका पत्रकारहरुलाई दुर्व्यहार गरिएको थियो ।

रिपोटिङ गरिरहेका बेला कान्तिपुर टिभिका सप्तरी संवाददाता रामनारायण विश्वास, राजविराज दैनिकका समाचार संयोजक नवीनकुमार गुप्ता र नेपाल समाचारपत्रका संवाददाता विद्यानन्द रामलाई अभद्र व्यवहार समेत गरिएको थियो । विश्वास पत्रकार महासंघ सप्तरीका सचिव हुन भने गुप्ता कोषाध्यक्ष र राम कार्यसमितिका सदस्य हुन् ।

नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देवको नेतृत्वमा गएको पत्रकारहरुको टोलीले प्रहरी उपरिक्षक गजुसिद्धि बज्राचार्यलाई सो जाहेरी बुझाइएको हो ।

शरीर बन्धक, गाली बेइज्जती, अभद्र व्यवहार गरेको कसुरमा गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डल, गाउँपालिकाका खरिदार ( स्टोरकिपर) रामविलास यादव, सोही गाउँपालिका वडा नं.३ का संजित मण्डल, वडा नं. ५ का रामअवतार मण्डल, वडा नं.४ का जितेन्द्र भन्ने संजित पटेल र वडा नं.४ कै घंसी भन्ने घनश्याम मण्डल बिरुद्ध पत्रकारहरु रामनारायण विश्वास, नवीनकुमार गुप्ता र विद्यानन्द रामले संयुक्त रुपमा जाहेरी दिएका छन् ।

यसैबीच फ्रिडम फोरम, आमसंचार प्राधिकरण मधेश प्रदेश, नेपाल प्रेस युनियन सप्तरी र प्रेस मञ्च नेपाल सप्तरी, समाजवादी प्रेस संगठनले छुट्टाछुट्टै विज्ञप्ति जारि गर्दै पत्रकारहरुलाई बन्धक बनाई गरिएको दुर्व्यहारप्रति घोर आपत्ति जनाएको छ । ती विज्ञप्तिहरुमा जनप्रतिनिधि जस्तो व्यक्तिको नेतृत्वमा भएको यस्तो घटनाले प्रेस स्वतन्त्रताको खिल्ली उडाएको ठहर गर्दै यस्ता घटनामा संलग्न दोषिमाथी कारवाहीको माग समेत गरिएको छ ।

विज्ञप्ति मार्फत राज्यको सबै सरोकारवाला निकायलाई पूर्ण प्रेस स्वतन्त्रताको सुनिश्चितताका लागि गम्भिर हुनु पर्नेमा जोड दिइएको छ ।

# मन्दिरमा अनावश्यक हस्तक्षेप गरेको गुनासो

**राजविराज**/सप्तरीको छिन्नमस्ता गाउँपालिकास्थित छिन्नमस्ता भगवती मन्दिर समितीको नियमित कामकाजमा अनावश्यक हस्तक्षेप हुन थालेको गुनासो गरिएको छ ।

प्रसिद्ध शक्तीपीठ मध्येका एक यस मन्दिरका पिठाधिश महाकान्त ठाकुर तथा छिन्नमस्ता भगवती मन्दिर संरक्षण सम्बर्द्धन समितिका सचिव बाबु नारायण मण्डलले बिहीबार संयुक्त प्रेस विज्ञप्ती जारी गर्दै यस्तो गुनासो गरेका हुन् ।

जनआस्थाको केन्द्र रहेको मन्दिरमा केही दिन यता केही ब्यक्तीहरुले विभिन्न गुट, उपगुट बनाई पुजारी तथा समितिका पदाधीकारीहरुमाथी अनावश्यक दवाव दिने, निर्णयहरुमा हस्तक्षेप गर्ने, अमर्यादित ब्यवहार गर्ने र धाकधम्की समेत दिएर तर्साउन खोज्ने लगायतका गतिवीधी हुन थालेको विज्ञप्तीमा उल्लेख छ ।

केही ब्यक्तीले आफ्नो स्वार्थपुर्तीका लागी मन्दिर जस्तो पवित्र स्थललाई पनि राजनीतिको अखडा बनाउन खोजेको दोषारोपण सहित विज्ञप्ती मार्फत यसबारे पालिकाका सबै सचेत नागरिकले चासो राख्नु पर्ने र त्यस्ता प्रवृतिका व्यक्तीलाई निरुत्साहित पार्न सहयोगका लागी आग्रह समेत गरिएको छ ।

विज्ञप्तीमा मन्दिर समितिका नयाँ विधान निर्माण गरी दर्ता प्रकृयाका लागी जिल्ला प्रशासन कार्यालयमा बुझाइ सकिएको र सो प्रकृयामा सघाउन समेत सम्पुर्ण गाउँवासीलाई आग्रह गरिएको छ ।

# हिन्दु र बौद्ध धर्मावलम्बीको सुरक्षाका लागि पर्याप्त कुटनीतिक पहल गर्न माग

**राजविराज**/जनबिद्रहोबाट उत्पन्न अस्थिरताका बीच छिमेकी मुलुक बंगलादेशमा अल्पसंख्यक हिन्दु र बौद्ध धर्मावलम्बीहरु माथी निरन्तर भइरहेको हिंसा घटनाको घोर निन्दा गर्दै मधेशी आयोगकी सदस्य आभासेतु सिंहले हिंसाबाट जोगाउन र सुरक्षाका लागि पर्याप्त कुटनीतिक पहल गर्न नेपाल सरकारसँग आग्रह गरेकी छिन् ।

शुक्रबार उनले आफ्नो निजि सचिवालयमार्फत एक प्रेस विज्ञप्ति जारि गर्दै बंगलादेशमा हिन्दु र बौद्ध धर्मावलम्बीहरुमाथी केही दिन यता हत्या, आक्रमण, आगजनी, त्रासदिपूर्ण व्यवहार तथा मानवता बिरोधी गतिविधी ह्वातै बढेकोमा चिन्ता समेत व्यक्त गरेकी छिन् ।

“जनबिद्रोहबाट उत्पन्न अस्थिरतासँगै त्यहा अराजक गतिविधी पनि तिब्र बनेको छ, विज्ञप्तिमा भनिएको छ- अल्पसंख्यक हिन्दु र बुद्ध धर्मावलम्बीहरुमाथी मानवता बिरोधी गतिविधी तत्काल रोक्न सम्बन्धीत पक्षसँग जोडदार माग गर्दछौं ।”

उनले बंगलादेशमा धर्म र नश्ल पहिचान गरि भइरहेको हिंसा रोक्न नेपाल सरकारलाई तत्काल पर्याप्त कुटनीतिक पहल थाल्न समेत प्रेस विज्ञप्तिमार्फत आग्रह गरेकी छिन् । आरक्षण बिरोधी आन्दोलन र त्यसपश्चात् तत्कालिन प्रधानमन्त्री शेख हसिना देश छाडेपछि अहिले त्यहाका हिन्दु र बौद्ध धर्मावलम्बीहरुको आवास र धार्मिक स्थलहरुमा दिनहुँजसो आक्रमणको घटना हुन थालेको बताइएको छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569





अनुरोधकर्ता : विष्णुपुर गाउँपालिका, सप्तरी

# प्रत्यक्ष निर्वाचित राष्ट्रपति र पूर्ण समानुपातिक निर्वाचन प्रणाली किन ?

**मिङमाङडण्डु शेर्पा**

कुनै पनि राष्ट्रलाई सुशासन, सामाजिक न्यायसहित समृद्धिको दिशातर्फ उन्मुख गराउने हो भने स्थिर सरकार अनिवार्य आवश्यकता हो । तर, स्थिर सरकार निर्माण कसरी हुन्छ ? स्थिर सरकार बनाउन मौजुदा संविधानमा कुन मुद्दा संशोधन गर्दा उपयुक्त हुन्छ वा स्थिरताको बाधक के हो ? भन्ने विषयको पहिचान हुन आवश्यक छ ।

नेपालको राजनीतिक इतिहासमा २०४६ सालको जनआन्दोलन पछि आजका दिनसम्म करिब तीन दर्जन सरकार बनेका छन् । २०४६ देखि २०६३ सम्म एउटा परिस्थिति र प्रक्रियामा सरकार गठन पुनर्गठन भए । त्यसपछि संविधानसभा हुँदै संविधान जारी भए पश्चात् आजसम्म आइपुग्दा अर्को परिस्थिति र प्रक्रियामा सरकार गठन तथा पुनर्गठन भइरहेका छन् । प्रक्रिया फेरिए पनि सरकार बदलीको रफ्तार बदलिएको छैन । त्यसैले अब बुझ्नै पर्ने भएको छ कि स्थिर सरकार किन र कसरी बन्न सकेनन् ? इतिहासमा बनेका सरकारहरू कस्ता थिए र किन टिक्न सकेनन् ? यो बुझ्नु पनि आवश्यक छ ।

**अस्थिर सरकारका कारक**

देशको शासकीय स्वरूपमा जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली, पूर्ण समानुपातिक निर्वाचन प्रणाली र प्रदेशका मुख्यमन्त्रीहरू पनि प्रदेश भरिका मतदाताबाट प्रत्यक्ष निर्वाचित हुने व्यवस्था अभ्यासमा नल्याएसम्म सत्ता अस्थिरता हट्ने देखिँदैन । त्यसैले अब संविधान संशोधनमार्फत तत्काल माथि उल्लेखित व्यवस्था आवश्यक छ । दुई प्रमुख दलले सत्ता साझेदारीका लागि गरेको सहमतिमा संविधान संशोधनको पनि विषय समेटिएको छ । के उनीहरू यस विषयमा संविधान संशोधन गर्न तयार छन् ?

स्मरण होस्, तत्कालीन एकीकृत नेकपा माओवादीले २०७२ असारमा संविधान मस्यौदा समितिमा देशको शासकीय स्वरूपमा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति हुनुपर्ने सहित १२ बुँदे फरक मत पेस गरेको थियो । संविधानसभाबाट २०७२ असोज ३ मा संविधान जारी भयो । त्यस समयमा तत्कालीन एकीकृत नेकपा माओवादी पार्टी प्रमुख प्रतिपक्षी दलको हैसियतमा थियो । त्यस बेला मुख्यतः नेपाली कांग्रेस र नेकपा एमाले मान्न तयार नभए पछि अन्ततः एकीकृत माओवादीले फरक मतका बाबजुद संविधानमा हस्ताक्षर गर्‍यो । संविधानसभाबाट २०७२ असोज ३ गते नेपालमा संविधान जारी भयो । यस संविधानले देशको शासकीय स्वरूपमा आलङ्कारिक राष्ट्रपति र कार्यकारी प्रधानमन्त्री हुने व्यवस्था गर्‍यो ।

**समावेशिता र सङ्घीयता हटाएर राजनीतिक स्थिरता सम्भव छ ?**

वर्तमान संविधानको भाग १ को धारा ४ मा नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौम सत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक, गणतन्त्रात्मक राज्य हो भनी लेखिएको छर । संविधानले नेपाललाई धर्मनिरपेक्ष राष्ट्रका रूपमा स्थापित गरेको छ । यस संविधानमा नेपालमा बोलिने सबै मातृभाषा राष्ट्रभाषा हुने छ, भनी स्पष्ट पारिएको छर । समानुपातिक समावेशिता, पहिचान र प्रतिनिधित्वको आधार नै सङ्घीयता हो । यि सबै पक्षले स्थायित्वको बाटो देखाएको छ । तर, सत्ताको लागि जे पनि कुकर्म गर्न तयार हुने व्यवहार, चरित्र र मानसिकता नै राजनीतिक अस्थिरताको मूल कारण बनिरहेको छ ।

**प्रत्यक्ष निर्वाचित राष्ट्रपति प्रणाली किन ?**

२०४६ साल पछाडिका ३५ वर्षको अवधिमा २९ वटा सरकार परिवर्तन भए । सत्ता प्राप्तिका लागि बहुमतको गठबन्धन बनाउने, समीकरण र बहुमतका निम्ति जस्तोसुकै माग र त्यसको सम्बोधन गर्न तयार हुने राजनीतिक प्रवृत्ति नेपाली राजनीतिक वृत्तमा स्वाभाविक खेल बनेको छ । चाहे प्रजातान्त्रिक दल होस्, चाहे कम्युनिस्ट पार्टी वा पञ्चायती दल नै किन नहुन्, सबैको साझा उद्देश्य सत्ता केन्द्रित छ । प्रजातन्त्र उदयपछि कहिले अस्वच्छ छविका नाममा संसद् विघटन गराई त कहिले के नाममा संसद् पुनःस्थापना गराई नयाँ नेतृत्वको सत्तारोहण गराइएको राजनीतिक प्रयास पनि देखिन्छ ।

वर्तमान संसदीय प्रणालीले राजनीतिक दलहरूलाई देशको सामाजिक तथा आर्थिक विकासभन्दा पनि बारम्बार सरकार परिवर्तन र आफ्नो उपस्थितिका निम्ति गणितीय समीकरणमा बढी ध्यान दिन बाध्य तुल्याएको छ । नेपालमा विद्यमान संसदीय प्रणालीको आयाम भनेकै छुट्टाछुट्टै समयमा सरकार परिवर्तन भएर राजनीतिक अस्थिरता सिर्जना हुनु  हो । जसका कारण देशले सामाजिक र आर्थिक विकासमा अपेक्षित विकासको गति लिन सकेको छैन । २०४७ यता हालसम्म नेपालमा २९ सरकार बनेका छन् । त्यसमा पनि पहिलो संविधानसभापछि नै १४ वटा सरकार बनेका छन् ।

सत्ता समीकरण र गठबन्धन बनाउने नाममा र गणितीय सङ्ख्या पुर्‍याउने संसदीय खेलले देशभरबाट एक सिट ल्याएका दलले समेत बार्गेनिङ गरी मन्त्रालय चलाएको सत्य हाम्रोसामु छ । त्यस्तै ठुला दलहरूलाई पनि संसद्मा बहुमत पुर्‍याउनका निम्ति स-साना दलसँग समीकरण गर्नुपर्ने हुन्छ । जसबाट असामान्य सम्झौता तथा नाजायज मागहरू पूरा गर्ने र गठबन्धनकै अनुकूलता र प्रतिकूलतामा सरकारको भविष्य निर्धारण हुने हुँदा सरकारको नेतृत्व गरेका प्रधानमन्त्री जनतामुखीभन्दा पनि संसद्मुखी हुन्छन् ।

यस्तो राज्यसत्ताको स्वार्थका कारण जनअपेक्षित विकासका चाहनाहरू

*बाँकी चार पृष्ठमा*







जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिबी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौं: सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- बालविवाहको अन्त्य गरौं, आफ्ना नानीबाबुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी

## प्रत्यक्ष निर्वाचित...

ओझेलमा परेका छन् ।

अर्कोतर्फ, जनताको मतलाई राजनीतिक दलहरूले सरकार बनाउने र गिराउने खेलमा प्रयोग गरेका छन्। बहुमत पुऱ्याउने नाममा जनताको मतलाई सांसदले करोडौँमा बेच्ने गरेका छन् । एक पटक जनताबाट निर्वाचित भएपछि पाँच वर्षसम्मै सांसद भई बस्न पाइने र पटक पटक जनतामा जान नपर्ने भएकाले सांसदहरू पनि बरु चुनाव जित्न करोडौँ खर्च गर्ने र केन्द्रमा बसी विगतको खर्च असुल गर्ने नियतमा बढी तल्लीन देखिन्छन्।

यसरी नयाँ संविधान जारी भएर पनि वर्तमान संविधानले अपनाएको सुधारिएको संसदीय प्रणालीले जनताले अपेक्षा गरेको शान्ति, स्थायित्व तथा आर्थिक विकास पूरा हुन सकेको छैन। बरु सरकार सधैँ अस्थिर भइराख्नु, छोटो-छोटो समयमा नै सरकार परिवर्तनका कुरा चल्नु र फेरि पनि प्राप्त राजनीतिक अधिकारहरू सधैँभरि जोखिममा परिराख्ने जस्ता परिघटनाले संविधान जारी गर्दा निर्वाचन पद्धतिमा गरिएको गल्ती सच्याई तुरुन्त संविधान संशोधन गरी प्रत्यक्ष निर्वाचित राष्ट्रपतिसहितको शासकीय प्रणाली जरुरी भएको छ ।

राजनीतिलाई पेसामुखीबाट पार लगाउनका निम्ति पनि यो शासकीय प्रणाली अत्यावश्यक छ। हाम्रो परम्परागत राजनीति र राजनीतिक दलहरूको राजनीतिक संस्कारले राजनीतिलाई पेसा बनायो। राजनीतिमा लागियो भने बिना लगानी प्रशस्त धन आर्जन गर्न सकिन्छ, राजनीतिक शक्ति र पहुँच पनि बढ्छ भन्ने मानसिकता कार्यकर्तामा हाबी भयो ।

राजनीतिक पहुँचका आधारमा कुनै नेता तथा दलको सम्बन्धमा कार्यकर्ताले कसैको सरुवा बढुवामा, कसैलाई ठेक्का दिलाइदिएर राजनीतिलाई नियमित कमाइ खाने पेसा बनाउन खोज्दा समस्या थप बल्झिन पुग्यो । त्यसैले राजनीतिलाई समाज सेवाका रूपमा लिई नेतृत्वलाई सिधा जनतासँग जोड्ने यो प्रणालीले मद्दत गर्छ । त्यसैगरी विविधताको सम्बोधन गर्न पनि यो प्रणाली उपयुक्त हुन्छ ।

नेपालमा १२५ जात र १२३ भाषा रहेको पृष्ठभूमिमा यो जनसाङ्ख्यिक विविधतालाई सम्बोधन गर्न, विभिन्न जाति र भाषीको आवश्यकता पूरा गर्न पनि यिनै जनताले प्रत्यक्ष रूपमा मत दिई निर्वाचित गर्ने राष्ट्र प्रमुख नै उपयुक्त हुनेमा दुई मत छैन । जनताको प्रत्यक्ष जनादेशका निम्ति पनि यो प्रणाली आवश्यक छ ।

### किन हुनुपर्छ पूर्ण समानुपातिक निर्वाचन प्रणालीर ?

पूर्ण समानुपातिक भएका देशहरूमा आर्थिक र सामाजिक समानता बढी हुने गरेको छर । राजनीतिमा अतिवाद हुने सम्भावना कम हुनुका साथै प्रतिनिधिमूलक लोकतन्त्रको उच्चतम अभ्यास हुन्छर । पूर्ण समानुपातिक प्रणालीमा सबै मतको प्रतिनिधित्व हुने गरी र दललाई खसालेको मतका आधारमा संसद्मा सङ्ख्या निर्धारण हुन्छर । पूर्ण समानुपातिक संसद्को आधारभूत सिद्धान्त सबै मतदाताको कदर होर । प्रत्यक्ष निर्वाचन प्रणाली ( पहिलो हुने, निर्वाचित हुने) मा भने सबैभन्दा धेरै मत ल्याउने उम्मेदवार निर्वाचित हुन्छन्र । अरू उम्मेदवारको मत एक प्रकारले 'खेर' जान्छर । यो निर्वाचन प्रणालीका धेरै खराबी छन्, जसमध्ये एक हो- सबै नागरिकको मतको प्रतिनिधित्व नहुनुर । सबैभन्दा धेरै मत आउने उम्मेदवार संसद्मा जान्छन् तर सोही क्षेत्रमा अरू उम्मेदवारको मतको कतै पनि प्रतिनिधित्व हुँदैनर । साथै, राज्यका संयन्त्रको सञ्चालनमा ठुला राजनीतिक दलहरूको एक प्रकारको 'सिन्डिकेट' स्थापित हुने सम्भावना हुन्छर । नेपालको राजनीतिमा ठुला दलहरूले 'सिन्डिकेट' का रूपमा व्यवहार गरेका उदाहरण पर्याप्त छन् । सबै मतको प्रतिनिधित्व हुने हुनाले पूर्ण समानुपातिक प्रणाली संसारभरि सबैभन्दा धेरै लोकतान्त्रिक देखिएको छर ।

### अन्तर्राष्ट्रिय अभ्यास

दक्षिण अमेरिका, युरोपका धेरै र दक्षिण पूर्वी एसिया र अफ्रिकाका केहीसहित पूर्ण समानुपातिक निर्वाचन प्रणाली ८५ देशमा छर । समानुपातिक प्रणाली मुख्य दुई प्रकारका हुन्छन्, बन्द सूची र खुला सूचीर । बन्द सूची अहिले नेपालले अवलम्बन गरेको मिश्रित निर्वाचन प्रणालीको ४० प्रतिशत समानुपातिकको भाग हो, जसमा राजनीतिक दलले विधायिकाका लागि उम्मेदवारको सूची निर्वाचन आयोगलाई चुनाव पहिल्यै बुझाउँछ र दल आफैँले उम्मेदवारका क्रम सङ्ख्या निर्धारण गर्छ, यसमा मतदाताले उम्मेदवारलाई होइन दललाई मत हालेका हुन्छन्र ।

युरोपका अधिकांश देशले भने समानुपातिकअन्तर्गत खुला सूची अभ्यास गर्छन्र । खुला सूचीमा पनि दललाई नै मत हाल्ने हो तर यसमा दलको सूचीअनुरूप आफ्नो उम्मेदवारको प्राथमिकतालाई व्यक्त गर्न सकिन्छर । समानुपातिकअन्तर्गत खुल्ला सूचीमा केही हदसम्म मतदाताले आफूलाई मन परेको उम्मेदवारको वर्गीकरण गर्न सक्छन् र सर्वाधिक लोकप्रिय उम्मेदवार संसद्मा चुनिन्छन्र ।

दललाई मत हालेकै आधारमा चुनिने भए पनि यसमा आफूलाई मन परेको उम्मेदवारलाई छान्ने अधिकार बन्द सूचीजस्तो राजनीतिक दललाई नभएर मतदाताकै हातमा हुन्छर । यस कारण पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा गएको खण्डमा खुल्ला सूचीको अवधारणा अपनाए मतदाताको अझ प्रतिनिधित्व हुने थियोर । फिनल्यान्ड, बेल्जियम र स्विट्जरल्यान्डलगायत देशमा यस्तै अभ्यास छर ।

निष्कर्षमा नेपालमा एकपछि अर्को निर्वाचन बढीभन्दा बढी खर्चिलो भइरहेको छ । पार्टीका उम्मेदवार एवं राज्य दुवैले गर्ने निर्वाचनसम्बन्धी खर्च बजारको महँगीको दरभन्दा बढी छ । हरेक समयमा उम्मेदवारबाट गरिएका खर्च अपारदर्शी हुने गरेका छन् । खर्चिलो निर्वाचन समृद्धिको लक्ष्य प्राप्तिको बाधक हो र यसले भ्रष्टाचारलाई बढवा दिएको छ । प्रजातन्त्र संरक्षण गर्न निर्वाचनको खर्च घटाउनुबाहेक हामीसँग कुनै अर्को विकल्प छैन । अहिलेको मिश्रित निर्वाचन प्रणाली परिवर्तन गर्नु आवश्यक छ । पूर्ण समानुपातिक निर्वाचनलाई बढवा दिनुपर्छ, ताकि सबै मतदाताले व्यक्तिलाई नभई पार्टीका लागि मतदान गर्नेछन् र त्यसले निर्वाचन खर्च घटाउन सहयोग पुग्छ ।

अर्कोतर्फ पूर्ण समानुपातिक निर्वाचन प्रणालीले समाजलाई विचारतिर डोऱ्याउँछ । अहिलेको व्यक्ति केन्द्रित समाज विचारका बारेमा बढी छलफल गर्न उत्सुक हुन्छ र विचार एवं व्यवहार बोकेको पार्टीलाई भोट हाल्ने वातावरण निर्माण हुन्छ । पूर्ण समानुपातिक निर्वाचन प्रणालीले सुदृढ पार्टीको निर्माण र समाजमा शुद्ध आचरण निर्माण गर्ने एकखाले होड नै चल्छ । सामाजिक मर्यादा र अनुशासनको पक्षलाई बलियो ढङ्गले लिनका लागि पनि यो प्रणाली हाम्रो जस्तो गरिब र पछौटेपना बोकेको मुलुकका लागि अपरिहार्य बनिसकेको छ ।

पूर्णसमानुपातिक निर्वाचन र प्रत्यक्ष निर्वाचित कार्यकारीमा जानु लोकतन्त्रलाई थप सुदृढ पार्दै जनतालाई नै अधिकार सम्पन्न बनाउनु हो । अझ भर्खरै सर्वोच्चले समानुपातिक निर्वाचन प्रणालीबारे गरेको व्याख्याले पनि यसको महत्त्व दर्साइदिएको छ । समानुपातिक प्रणालीलाई शोषण, उत्पीडनमा परेकालाई स्थान दिन भनेको सर्वोच्चले तरमारा वर्गबारे समेत सचेत व्याख्या गरेको छ । यसले पूर्ण समानुपातिक निर्वाचन प्रणालीको महत्वलाई थप उजागर गरिदिएको छ ।

अर्को सवाल हो, प्रत्यक्ष निर्वाचित कार्यकारी । अहिलेसम्म बनेका सरकार, सरकार बन्न चालिएका कदम र पूर्वप्रधानमन्त्रीको क्लबजस्तो बनिसकेको मुलुकलाई स्थिर सरकार दिनु आजको आवश्यकता हो । यसका लागि प्रत्यक्ष निर्वाचित कार्यकारीमा जानुको विकल्प छैन । हुन त कतिपयले प्रत्यक्ष निर्वाचित कार्यकारी निरङ्कुश बन्ने तर्क पनि गरेको देखिन्छ । तर, संसद्ले प्रत्यक्ष निर्वाचितलाई नियमन गर्न सक्ने नै हुँदा निरंकुशताको प्रश्न नै आउँदैन । अहिलेको निर्वाचन प्रणालीबाट निर्वाचित कार्यकारीले संविधान नमिचेको कहाँ होर ? तर, जनताको बलमा त्यसलाई निस्तेज पारिको घटना लुकेको छैन ।

दल र विचार प्रधान बनाउनका लागि पनि यो आवश्यक छ । पपुलिज्मवादलाई परास्त गर्दै लोकतन्त्रलाई सुदृढ पार्ने एक मात्र प्रणाली भनेकै पूर्ण समानुपातिक निर्वाचन र प्रत्यक्ष निर्वाचित कार्यकारी हो । यसतर्फ जान ढिला गर्न हुन्न । शेर्पा नेकपा (माओवादी केन्द्र) का वैकल्पिक केन्द्रीय सदस्य हुन् । रातोपाटीबाट






# गाउँसभा रद्धसहित विभिन्न ८ बुंदे माग अघि सार्दै जनप्रतिनिधि र स्थानियले बुझाए ज्ञापन



**राजविराज**/बहुमत नपुऱ्याई गरिएको गाउँसभा रद्धसहित विभिन्न ८ बुंदे माग अघि सार्दै सप्तरीको राजगढ गाउँपालिकाका जनप्रतिनीधी र स्थानीयवासीले मंगलबार गाउँपालिकामा प्रदर्शनसहित ज्ञापनपत्र बुझाएका छन् ।

सदरमुकाम राजविराजमा पनि प्रर्दशन गर्दै स्थानीय प्रहरी प्रशासन प्रमुखलाई ज्ञापनपत्र बुझाएपछि सो पालिकामा पनि उनीहरुले ज्ञापनपत्र बुझाएका हुन् ।

उनीहरुले विधि विधान मिचेर गरिएको गाउँसभा रद्द गरि पुनः नयाँ मिति तोकेर अर्को गाउँसभा गर्न मागका साथै ऐन कानुन मिचेर गरिएको गाउँसभा बदरका लागि पहल गर्न पालिका अध्यक्ष ओमप्रकाश मण्डललाई ज्ञापनपत्र समेत बुझाएका छन् ।

वडा नं. ५ का वडाअध्यक्ष ७३ वर्षिय दु:खिलाल भन्ने देवेन्द्र प्रसाद साहको नेतृत्वमा पुगेको अन्य जनप्रतिनीधी तथा गाउँलेहरुले हस्ताक्षरसहित पालिका अध्यक्ष मण्डललाई ज्ञापनपत्र बुझाएका छन ।

ज्ञापनपत्र मार्फत गत साउन १० गते सम्पन्न पालिकाको १३ औं गाउँसभा ऐन कानुन विपरित भएको दाबी सहित उक्त गाँउसभाबाट पारित निर्णयहरु यथास्थितीमा राखी गाउँसभा बदर तथा अर्को नयाँ मिति तोकेर पुनः गाउँसभा गर्नू पर्ने प्रमुख माग अघि सारिएको छ ।

ज्ञापनपत्रमा गाउँपालिकाका अध्यक्ष ओम प्रकाश मण्डलले स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६५ र दफा ६७ बमोजिम समितिबाट निर्णय नै नगराई मनपरी र एक पक्षिय ढंगले गाउँसभा गरेकाले सो बदर नगरिए चरणबद्ध आन्दोलनमा जाने चेतावनी समेत दिइएको छ ।

गाउँसभामा कुल ३४ जना कार्यपालिका सदस्य रहेकोमा १ जनाको निधन भई हाल ३३ जना सदस्य कायम छन । जस मध्ये १७ जनाले गत साउन १० गते सम्पन्न गाउँसभालाई अवैधानिक भन्दै ज्ञापनपत्रमा हस्ताक्षर गरी अर्को गाउँसभा गर्नु पर्ने माग गरेका छन ।

यस्तै ज्ञापनपत्र मार्फत पालिकाको ०७९/०८० र ०८०/०८१ को आय-व्यय तथा लेखा परिक्षण प्रतिवेदन सार्वजनिक गर्नु पर्ने, पालिकामा कार्यरत कर्मचारीको विवरण उपलब्ध गराउनु पर्ने, पालिकाकाको आफ्नै एउटा स्कारपियो हुदा हुदै थप २ वटा स्कारपियो गाडी भाडामा लिनुको कारण खुलाउनु पर्ने तथा करार पदमा नियुक्त भएका स्वयसेवक शिक्षक तथा प्रशासनिक सहायक पदका कर्मचारीहरुले लामो समय देखी नपाएको तलब सुविधा यथासिघ्र उपलब्ध गराउनु पर्ने लगायतका माग पनि अघि सारिएको छ ।

टोलीमा सहभागी स्थानीय समाजसेवी रामकान्त यादवका अनुसार आफुहरुले अघि सारेको जायज मागहरु उपर तत्काल सम्बोधनको पहल नभए साउन ३० गतेदेखी दोश्रो चरणको आन्दोलनका कार्यत्तम सुरु हुनेछ ।

जसअनुसार साउन ३० गते १० बजेदेखी कार्यालय समयसम्म धर्ना, भदौं २ गते पालिकामा तालाबन्दी तथा भदौं ५ गतेदेखी लगातार नाराजुलुस र प्रदर्शनको कार्यक्रम सुरु गरिने जनाइएको छ ।

## बदाम ड्रिङ्स कुहिएको फेला

**राजविराज**/सप्तरीको महादेवास्थित एक पसलमा ग्राहकले पिउँदै गरेको बदाम ड्रिङ्स कुहिएको अवस्थामा फेला परेको छ ।

सुर्यदेव डेरी उधोग प्रा.लि. अर्जुनधारा ५ झापाले उत्पादन गरेका गोपी बदाम मिल्क ड्रिङ्स कुहिएको अवस्थामा सोमबार फेला परेको हो ।

सो गाउँपालिका १ मिलन चौकस्थित उक्त पसलमा स्थानिय रामदेव सदाले बदाम ड्रिङ्स खरीद गरेर पिउनै लाग्दा कुहिएको फेला परेको बताए । उक्त बदाम जुसको उत्पादन मिति १ तारिख मार्च २०२४ रहेको छ ।


## तातो हावा तथा लु लाग्दाका असरहरू

- हृदयको गति तीव्र हुने
- श्वासप्रश्वास र रक्तचाप कम हुने
- शरीरबाट पसिना ननिस्किने
- टाउको अत्यधिक दुख्ने
- चक्कर लाग्ने, अचेत हुने
- शरीरको तापक्रम १०४ डिग्री फरेनहाइट भन्दा बढी हुने
- छाला सुक्खा, रातो र तातो हुने



गर्मीमा स्वास्थ्यको विशेष हेरचाह गरौं। उल्लेखित असरहरू देखिएमा बिरामीलाई तुरुन्त नजिकैको अस्पताल लैजाऔं।

अनुरोधकर्ता : शम्भुनाथ नगरपालिका, सप्तरी


# अन्तर्राष्ट्रिय समाचार

## आगामी साता बाइडेन र ह्यारिसले अभियानलाई संयुक्तरूपमा नेतृत्व गर्दै

**संयुक्त, राज्य अमेरिका**/अमेरिकी राष्ट्रपति जो बाइडेनले राष्ट्रपतीय निर्वाचनबाट बाहिरिने घोषणापछि पहिलोपटक उहाँ र उपराष्ट्रपति तथा डेमोक्र्याटिक पार्टीका उम्मेदवार कमला ह्यारिसले आगामी साता आफ्नो दलको चुनावी अभियानको संयुक्त नेतृत्व गर्नुहुने भएको छ । नोभेम्बरमा हुने अमेरिकी राष्ट्रपतीय निर्वाचनबाट रिपब्लिकन नेता ट्रम्पविरूद्धको प्रतिस्पर्धाबाट पछि हट्ने निर्णयपछि बाइडेनको यो पहिलो चुनावी सम्बोधन हुनेछ । आफ्नो कार्यकालको अन्तिम महिनाहरूमा आफ्नो विरासतलाई जोगाउन र नयाँ डेमोक्र्याटिक उम्मेदवारलाई जिताउने अभियानमा राष्ट्रपति बाइडेनले अगस्ट १५ मा वासिङ्टन नजिकै मेरिल्याण्ड राज्यमा आयोजना हुने कार्यक्रममा उपराष्ट्रपतिको साथमा उपस्थित भएर समर्थकलाई हौसला प्रदान गर्ने घोषणा गर्नुभएको हो ।

ह्वाइट हाउसले शुक्रबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, "नेता द्वयले अमेरिकी जनताका लागि लागत घटाउन गरिरहेको कार्यक्रमलाई अभियानका क्रममा समर्थकमाझ सार्वजनिक गर्नुहुनेछ ।" अमेरिकाको मुद्रास्फीति कमजोर भएको अवस्थामा नोभेम्बरमा हुने चुनावमा आफ्नो एजेन्डालाई कसरी अघि प्रस्तुत गर्नुहुनेछ यो अमेरिकी मतदाताले हेरिरहेको गम्भीर बिषय हो । बाइडेनले आफ्नो उमेर र मानसिक तीक्ष्णताको बारेमा चिन्ता व्यक्त गरिएको ट्रम्पविरुद्धको कमजोर बहसपछि पदबाट राजीनामा दिने घोषणा गर्नुभएको थियो । अमेरिकी इतिहासमा पहिलो महिला, अश्वेत र दक्षिण एसियाली मुलकी उपराष्ट्रपतिले भव्य जुलुशहरूको एकपछि अर्को शृङ्खला प्रदर्शन गर्न सफल हुनुभएको छ । अभियानमा बढ्दो सहभागिता, अत्यधिक चन्दा सङ्कलनसँगै ह्यारिसले रिपब्लिकन पार्टीका तर्फबाट अमेरिकालाई एक पटक राजनीतिक नेतृत्व दिइसकेका पूर्वराष्ट्रपति ट्रम्पको चुनावी अग्रतामा चुनौती खडा गरिसक्नुभएको छ ।

डेलावेयरस्थित आफ्नो घरमा लामो विदा बिताइरहेका राष्ट्रपति बाइडेनले अगस्ट १९ देखि सिकागोमा सुरु हुने डेमोक्र्याटिक पार्टीको राष्ट्रिय सम्मेलनसम्म ह्यारिसको समर्थनमा कुनै ठूलो राजनीतिक उपस्थिति जनाउने अपेक्षा गरिएको थिएन । तर, अमेरिकी राजनीतिमा झण्डै पाँच दशक लामो करियरबाट बाहिरिने तयारीमा रहेका डेमोक्र्याट बाइडेन आफ्नो विरासतलाई अगाडि बढाउन इच्छुक रहेको सङ्केत अभियानमा सहभागी हुने पछिल्लो घोषणाबाट पनि देखिएको छ । यसको एउटा हिस्सा उनको प्रतिद्वन्द्वी र सन् २०२० को चुनावमा उनले पराजित गरेका व्यक्ति ट्रम्पविरुद्ध ह्यारिसको विजय सुनिश्चित गर्न हरसम्भव प्रयास गर्नु हो ।

गत हप्ता बाइडेनले अमेरिकी पत्रकार इभान गेर्शकोभिच र अन्य बन्दीहरूलाई स्वागत गर्दा बाइडेनको पक्षमा ह्यारिसको उपस्थिति निकै स्पष्ट देखिएको थियो ।समाचार संस्था पोलिटिकोका अनुसार ह्यारिस अब पेन्सिलभेनिया र मिशिगनजस्ता निर्वाचनमा अति प्रतिस्पर्धा हुने राज्यहरूमा बाइडेनलाई मिलेको समर्थनलाई सुरक्षित गर्न चाहनुहुन्छ । ती क्षेत्रमा अहिले पनि विशेष गरी पाका श्वेत मतदाताहरूसँग बाइडेनको लोकप्रियता बढी रहेको छ । बाइडेनले आफूप्रतिको लोकप्रिय मत प्रभावित हुनबाट रोक्नुहुनेछ र नोभेम्बरले यस पहिलेको उहाँप्रतिको मोहलाई सर्लक्कै ह्यारिसमा सार्ने प्रयास गर्नुहुनेछ । एजेन्सी

## युद्धविराम वार्ता पुनः सुरु गर्न इजरायल सहमत

**गाजा क्षेत्र**/विश्वव्यापी आग्रह र अमेरिका, कतार र इजिप्टका मध्यस्थकर्ताहरूको अनुरोधमा अगष्ट १५ देखि गाजा युद्धविराम वार्ता पुनः सुरु गर्न इजरायल सहमत भएको प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको कार्यालयले जनाएको छ । गाजास्थित हमास नियन्त्रित नागरिक सुरक्षा निकायले दुई वटा विद्यालयमा गरिएको इजरायली आक्रमणमा बिहीबार पनि १८ जनाभन्दा बढीको मृत्यु भएको जनाएको छ । नोभेम्बरमा एक हप्ता लामो युद्ध विरामपछि मध्यस्थकर्ताहरूले युद्ध अन्त्य र शान्ति स्थापनाका लागि दोस्रो युद्धविरामको प्रयास गरेका छन् । बिहीबार संयुक्त वक्तव्य जारी गर्दै तीन देशका नेताहरूले युद्धरत पक्षहरूलाई अगस्ट १५ मा दोहा वा कायरोमा पुनः वार्ता गरी सम्झौताको प्रभावकारी कार्यान्वयन गर्न अनुरोध गरेका छन् । मध्यस्थकर्ताहरूले सम्झौता ढाँचा प्रस्तुत गरिसकिएको जनाउँदै कार्यान्वयनका लागि सहमतिको विवरणसहित निष्कर्षमा पुग्न बाँकी रहेको उल्लेख गरेका छन् ।

नेतान्याहुको कार्यालयले इजरायलले अगस्ट १५ मा सम्झौता कार्यान्वयनको विवरण तयार गर्न तोकिएको स्थानमा वार्ता टोली पठाउने जनाएको छ ।गाजामा बन्दी बनाइएकाहरूको रिहाइ र सहायता वितरणलगायतका विषयमा चरणबद्धरूपमा छलफल गर्ने बिषयमा युद्धविराम सम्झौता केन्द्रित हुनेछ । यो युद्धविरामसम्बन्धी छलफल अमेरिकी राष्ट्रपति जो बाइडेनको प्रस्तावित ढाँचामा केन्द्रित रहेको जनाइएको छ जुन ढाँचा इजरायली प्रस्तावमा तयार भएको हो । अधिकारीले नाम उल्लेख नगर्ने सर्तमा नेतान्याहूले सम्झौतामा रोक लगाएको सुझावलाई अस्वीकार गर्दै पत्रकारहरूलाई इजरायल यद्धविराम वार्ताप्रति पुर्वाग्रही रहेको जानकारी दिएका छन् । वार्ताको घोषणा हनियाको मृत्युपछि हमासले इजरायल आक्रमणका प्रमुख योजनाकार याह्या सिनवारलाई नयाँ नेताको रूपमा नियुक्त गरेपछि आएको हो । एजेन्सी

## पाकिस्तानमा बाल दुर्व्यवहारको अवस्था गम्भीर

**इस्लामावाद**/सन् २०२४ को पहिलो छ महिनामा पाकिस्तानमा बाल दुर्व्यवहारका एक हजार ६३० वटा घटना दर्ता भएका स्थानीय गैरसरकारी संस्था साहिलले शुक्रबार सार्वजनिक गरेको प्रतिवेदनमा जनाइएको छ । सन् २०२४ को जनवरीदेखि जुनसम्म ८१ वटा राष्ट्रिय तथा क्षेत्रीय दैनिक पत्रिकामा प्रकाशित तथ्याङ्क अनुसार ८६२ बाल यौन दुर्व्यवहार, ६६८ अपहरण, ८२ बेपत्ता बालबालिका र १८ वटा बालविवाहका घटना दर्ता भएका छन् । यस वर्षमा यौन दुव्यवहारपछि पोर्नोग्राफीका ४८ वटा घटना रेकर्ड गरिएको प्रतिवेदनमा उल्लेख छ । छ महिनाको तथ्याङ्कमा रिपोर्ट गरिएका मुद्दामध्ये ५९ प्रतिशत पीडित केटीहरू र बाँकी ४१ प्रतिशत केटाहरू पिडित रहेका छन् । तथ्याङ्क अनुसार ६ देखि १५ वर्ष उमेर समूहका बालबालिका अधिक दुरुपयोगको जोखिममा छन् । एजेन्सी

# युवकको शव खेतमा फेला

**राजविराज**/सप्तरीको छिन्नमस्ता गाउँपालिका १ बरही विरपुरमा एक युवकको शव खेतमा फेला परेका छन् ।

मंगलबार बिहान ६ बजेतिर बरही बिरपुरस्थित निरज इटाभट्टा नजिकैको चौकमा सिरहाको लहान नगरपालिका निवासी ४५ वर्षिय पवन कुमार कर्णको शव घोप्टो परेको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

घटनास्थल नजिकै रहेको निरज इटाभट्टामा मुन्सीको रुपमा काम गर्दै आएका कर्णको शव पोष्टमार्टमका लागि स्थानीय गजेन्द्र नारायण सिंह अस्पताल पुऱ्याई घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरी उपरिक्षक गजुसिद्धि बज्राचार्यले बताए ।

केही दिन यता सो इटाभट्टा बन्द अवस्थामा रहेको छ । मृतकको शरीरमा कुनै बाहिरी चोट भने देखिएको छैन् । सोमबारराती वर्षा भइरहेको र अत्याधिक मदिरा सेवन गरि खेतको बाटो हुँदै इटाभट्टा फर्कने क्रममा चिप्लिएर खेतमा लडेको हुन सक्ने अनुमान समेत प्रहरीको छ । यद्दपी पोष्टमार्टम रिपोर्ट आएपछि मात्र घटना बारे यकिनका साथ भन्न सकिने प्रहरीको भनाई छ ।

# हेलिकप्टर दुर्घटनामा पाइलटसहित पाँचजनाको मृत्यु

**काठमाडौं**/एयर डाइनेस्टीको कल साइन ९ एन-एजेडी हेलिकप्टर दुर्घटनामा पाइलटसहित पाँचजनाको मृत्यु भएको छ ।

बुधबार दिउँसो १:५४ बजे भक्तपुरको नलिन्चोकबाट रसुवाको स्याफ्रुबेंसीका लागि उडान भरेको हेलिकप्टर दिउँसो २:१४ बजे नुवाकोटको शिवपुरी गाउँपालिका-७ स्थित सूर्यचौरमा दुर्घटनाग्रस्त भएको थियो ।

हेलिकप्टर दुर्घटनामा परी पाइलट अरुण मल्लसहित चार चिनियाँ नागरिक (तीन पुरुष र एक महिला)को मृत्यु भएको हो । नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार मृत्यु हुनेमा पाइलट मल्ल र चिनियाँ नागरिकहरू जुताड ताङ, ताइ ली, यीयाम बु र जेमिङ जी रहेका थिए ।

सो दुर्घटनामा परी मृत्यु भएका मृतकहरुको शव सङ्कलन भई शव परीक्षणका लागि त्रिवि शिक्षण अस्पताल काठमाडौं ल्याउने कार्य भइरहेको प्राधिकरणले जनाएको छ ।

# मधेस प्रदेशको मन्त्रिपरिषद् पुन:गठन

**जनकपुर**/मधेस प्रदेशको मन्त्रिपरिषद्मा नेपाली कांग्रेसबाट दुई र नेपाल कम्युनिष्ट पार्टी (एमाले), जनमत पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी एक/एक जना राज्यमन्त्रीमा नियुक्त भएका छन् ।

कांग्रेसका तर्फबाट रेखा ठाकुर भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री र निलमकुमारी रजक ऊर्जा, सिँचाइ तथा खानेपानी राज्यमन्त्रीमा नियुक्त भएका हुन् । त्यसैगरी एमालेका मोहम्मद जैद आलम भौतिक पूर्वाधार विकास राज्यमन्त्री, लोसपाका रामबाबु यादव शिक्षा तथा संस्कृति राज्यमन्त्री र जनमतका शम्भुकुमार साह उद्योग, वाणिज्य तथा पर्यटन राज्यमन्त्रीमा नियुक्त भएका छन् ।

नवनियुक्त राज्यमन्त्रीहरुलाई मुख्यमन्त्री सतिशकुमार सिंहले मंगलबारे पद तथा गोपनीयताको शपथ गराएका छन् ।

# ६ सय ११ किलो गाँजासहित दुई भारतीय पक्राउ

**महोत्तरी**/भारततर्फ गाँजा तस्करी गरेको अभियोगमा दुईजना भारतीय नागरिक पक्राउ परेका छन् ।

पूर्वपश्चिम राजमार्गअन्तर्गत बर्दिबास नगरपालिका-१४ मा छ सय ११ किलोग्राम गाँजासहित उनीहरू बुधवार राति पक्राउ परेका हुन् ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता सन्तुलालप्रसाद जैसवालका अनुसार बिहारको मोतिहारीका २५ वर्षीय गुड्डुकुमार यादव र सोही ठाउँका २९ वर्षीय मनिषकुमार गिरीलाई पक्राउ गरिएको हो ।

मिनी ट्रक प्रयोग गरेर उनीहरूले गाँजा तस्करीको प्रयास गरेका थिए । तस्करीमा प्रयोग भएको सवारी साधनलाई पनि नियन्त्रणमा लिइएको छ ।



## गर्मीमा तातो हावा वा लुबाट जोगिने उपायहरू




अनुरोधकर्ता : हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी


## हार्दिक श्रद्धाञ्जली तथा समवेदना



हाम्रा मित्र तथा नेपाल पत्रकार महासंघ शाखा सप्तरीका पूर्व अध्यक्ष श्री प्रकाश खतिबडाज्यूको छोरी प्रिजा खतिबडा, ज्वाइँ मनुराज शर्मा र नाति अधिराज शर्माको मिति २०८१ श्रावण ०९ गते सौर्य एअर लाइन्सको जहाज दुर्घटनामा परि भएको असामयिक र दुःखद निधनले हामी मर्माहत मात्र भएको छैनौं स्तब्ध र शोकाकुल भएका छौं । जहाज दुर्घटनामा परी निधन हुनु भएका मनुराज शर्मा, प्रिजा खतिवडा र अधिराज शर्माको आत्माको चिर शान्तिको कामना गर्दै १३ औं दिनको पुण्य तिथिको अवसरमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं साथै शोक सन्तप्त समस्त परिवार तथा आफन्तजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**अधिवक्ता सतीश कुमार दत्त**
कार्यकारी सम्पादक, हिम किरण
राजविराज-८, सप्तरी



## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौं: सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : बलान बिहुल गाउँपालिका, सप्तरी


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*